# मिति २०७५/०७/०६ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

बैठक संख्याः ०७५/७६—६

**निर्णय नं १**

सिद्ध कुमाख गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजातपत्र सम्बन्धी कार्यविधि, २०७५ तपसिल बमोजिम संशोधन सम्बन्धमा सर्वसम्मत निर्णय गरियो।

(१) दफा ३ को उपदफा (३) पछि निम्न उपदफा (४) थप गर्नेः-

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखेतापनि प्रचलित कानून बमोजिम अन्यत्र दर्ता भइ गाउँपालिकामा हस्तान्तरण भएका इजाजत पत्र यस कार्यविधि बमोजिम नविकरण नगरि खारेजी हुने अवस्थमामा भएतापनि यस कार्यविधि लागु भएको एक बर्ष भित्र त्यस्ता फर्म वा कम्पनीले विलम्ब दस्तुर सहित मा म्याद थपको निबेदन दिएमा पहिलो पटको लागि म्याद गरि नविकरण गर्न सकिनेछ।

(२)अनुसूचि २ मा उल्लेखित इजाजत्र पत्र दस्तुर रू १०,०००।- को सट्टा रू २५,०००।- कायम गर्ने।

(२) अनुसूचि ५ को घ वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता अन्तर्गतको बुदा नं ३ को (क) हटाउने ।

**निर्णय नं २**

सिद्ध कुमाख गाउँपालिकाको गाउँसभाले आ.व. २०७४।७५ का लागि स्वीकृत नीति तथा कार्यक्रम अनुसार गत आ व २०७४।७५ यस गाउँपालिकामा संचालन भइ समय सम्पन्न हुन नसकि गाउँसभाको निर्णय बमोजिम म्याद थप भएका तपसिलका योजनाहरू सफलता पूर्वक सम्पन्न भएकोले फरफारक गर्दै प्राविधिक मूल्याङ्कन बमोजिम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

| | |
|---|---|
| १ | छरिखोला खानेपानी योजना |
| २ | Tallo Bajhkada-Uppallo Bajhkada-Duberi and Patare-Hamphal Electrification Works. |
| ३ | Patare-Kukurekhola-Melwot, Kagkhola-Melchour, And Satipole-Paulagaun-Dhantakura Electrification Works |
| ४ | horchour-Kallachour and Dhorchaour adakateri-Kalalekh Electrification Works |
| ५ | Jhargaun-Chourpani and Gaterna-Chourpani Electrification Works |

**निर्णय नं ३**

सिद्ध कुमाख गाउँपालिकाको सामुदायिक विद्यालयको खस्कदो शैक्षिक गुणस्तरलाई सुधार गर्न तथा समग्र शैक्षिक सुधारको लागि सुझाव दिन गाउँ कार्यपालिकाको मिति २०७५।०५।२४ गतेको निर्णय बमोजिम वडा नं २ का वडा अध्यक्ष श्री रुद्र बहादुर बुढाथोकीको संयोजकत्वमा गठित "सिद्ध कुमाख गाउँपालिका शैक्षिक सुधार सुझाव कार्यदल" का सदस्यहरुलाई कार्यसम्पन्न भइ प्रतिबेदन प्राप्त भएपछि प्रति सदस्य एकमुष्ट रु २२०००।मा नियमानुसार करकट्टी गरि पारिश्रमिक दिने निर्णय सर्वसम्मतिले निर्णय गरियो।